मधेश प्रदेश सरकार

भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

वीरगंज ,पर्सा

## मत्स्यपालनको लागि नयाँ पोखरी निर्माण प्रस्ताव आह्वानको सुचना

*(प्रथम पटक प्रकाशित मिति २०७९/०९/२०)*

यस कर्यालयको आ.व.०७९/८० को स्वीकृत वार्षिक कार्यक्रमा अनुसार प्रदेशमा गुणस्तरीय खाने माछा उत्पादन वृद्धिको लागि नयाँ पोखरी निर्माण कार्यक्रम अधिकत्तम ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक नेपाली नागरिक, कृषक समुह, सहकारी,निजी फर्म, संस्थाहरुले तपसिलका कार्यक्रमका लागि देहायका कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र सिलवन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। रित नपुगेका वा म्यान नाघी प्राप्त भएका प्रस्तावहरु छनौटमा समावेश गरिने छैन। थप जानकारीको लागि सूचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क फोन नम्बर ९८४५१८५६४४ मा सम्पर्क गर्न सकनेछ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | ईकाइ | जम्मा परिमाण | प्रति कार्यक्रम अधिकत्तम अनुदान रकम |
|---|---|---|---|---|
| १ | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (सर्वसाधारणको लागि ९०%) | कट्ठा | २७० | रु.१५ हजार प्रति कट्ठा |
| २ | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम ( आरक्षित कोटा लागि १०%) | कट्ठा | ३० | रु.१५ हजार प्रति कट्ठा |

**निवेदन साथ देहाय बमोजिमका कागजातहरु संलग्न हुनुपर्नेछ :-**

१. रु.१० को टिकट टाँस गरिएको फा.नं. २ अनुसारको आवेदन फारम।

२. फा.नं.३ र फा.नं. ३ क अनुसारको कार्य योजना।

३. ब्यक्तिको हकमा निजको र दर्ता भएको समुह , सहकारी , नीजि फर्म, संस्थाको प्रस्तावमा हस्ताक्षर गर्ने अधिकारीक ब्यक्तिको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।

४. दर्ता भएका सहकारी नीजि फर्म, संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) प्रमाण-पत्रको प्रतिलिपि।

५. प्रस्तावीत मत्स्य पालन कार्यमा संलग्न हुने सगोलको परिवारका सदस्य तथा दर्ता भएका समुह , सहकारी, फर्मसंस्थाका वा सो कार्यमा संलग्न हुने सदस्यहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यता प्रमाण-पत्रका प्रतिलिपि।

६. समुह/समिति/सहकारी/निजी फर्म/संस्थाको सम्बन्धित निकायमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि।

७. समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी अधिकारिक बैठकको निर्णय प्रतिलिपि।

८. लक्षित वर्ग (शहिद/वेपता/द्वन्द्ध पिडित परिवार/दलित/अन्य लिङ्गी /भिन्न प्रकारले सक्षम /महिला /आदिवारी/जनजाती/विपन्न गरिब) भए प्रमाण खुल्ने कागजात।

९. कार्यक्रम संचालन गर्नु पर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि। अरुको नाममा दर्ता रहेको जग्गामा कार्यक्रम संचालन गरिने भए कानुन वमोजिम प्रमाणीत हुने सो कार्य संचालनको लागि कम्तीमा ५ वर्षको लागि मन्जुरीनामा वा करारपत्र (नोटरी पब्लीक वाट प्रमाणीत) जग्गाको भोगाधिर प्रमाण।

१०.समे कार्यक्रम संचालनको लागि अनुदान उपलब्ध गराई दिनको लागि कार्यक्रम संचालन गरिने स्थान रहेको स्थानीय तहको सम्वन्धीत विषयगत शाखाको सिफारिस पत्र।

११. फ.नं. ३ बमोजिम आवेदकको स्वघोषणा र प्रतिवद्धता।

१२.अन्य :

क) गत ३ आ.व. भित्र कुनै प्रकारको अनुदान प्राप्त गरेको ब्यक्ति निजि फर्म/समुह/संस्थाले यसमा सहभागी हुन पाउने छैन।

ख) नयाँ पोखरी निर्माण गर्ने जग्गाको नक्सा GPS राख्ने।

संरक्षण र प्रचार गरी नगरको विकासमा जुटौं।

को कार्यालय, निजगढ, बाराद्वारा जनहितमा जारी सन्देश

pdfMachine
A pdf writer that produces quality PDF files with ease!
Produce quality PDF files in seconds and preserve the integrity of your original documents. Compatible across nearly all Windows platforms, if you can print from a windows application you can use pdfMachine.
Get yours now!